आज मिति २०८०।०२।१० गते बुधबारका दिन गाउँपालिकाका अध्यक्ष श्री प्रेम बहादुर भुजेल ज्यूको अध्यक्षतामा देहायका सदस्यहरुको उपस्थितिमा गाउँकार्यपालिकाको वैठक बसी निम्न प्रस्ताव माथि छलफल गरी निर्णय गरियो ।

आ.व.: २०७९।८० वैठक सङ्ख्या: १५ समय : ११:०० बजे स्थान: गाउँपालिका भवन

| क्र.सं. | पद | नाम, थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री प्रेम बहादुर भुजेल | |
| २ | उपाध्यक्ष | श्री जितेन्द्रमान तामाङ | |
| ३ | सदस्य | श्री लेख बहादुर श्रेष्ठ | |
| ४ | सदस्य | श्री सुजन भण्डारी | |
| ५ | सदस्य | श्री ज्ञान बहादुर तामाङ | |
| ६ | सदस्य | श्री लोक बहादुर कुँवर | |
| ७ | सदस्य | श्री अञ्चल कुमार लामा | |
| ८ | सदस्य | श्री भरत बहादुर शिवभक्ती | |
| ९ | सदस्य | श्री रमेश राज खरेल | |
| १० | सदस्य | श्री मोतिलाल तामाङ | |
| ११ | सदस्य | श्री दल बहादुर तामाङ | |
| १२ | सदस्य | श्री केशरमान लामा | |
| १३ | सदस्य | श्री कल्पना पहरी | |
| १४ | सदस्य | श्री कुमारी विश्वकर्मा | |
| १५ | सदस्य | श्री चमेली परियार | चमेली |
| १६ | सदस्य | श्री शान्ती ठकुरी | शान्ती |
| १७ | सदस्य | श्री सुलभ पहरी | |
| १८ | सदस्य | श्री विष्णु बहादुर पहरी | विष्णु |
| १९ | सचिव | श्री विष्णु प्रसाद सुवेदी | |

सहजकर्ता कर्मचारी:

१. श्री रुपक अधिकारी

२. श्री अमर कुमार श्रीवास्तव

सहयोगी कर्मचारी:

१. श्री सन्त बहादुर तामाङ सन्त

भुम्लु गाउँकार्यापालिका बैठक    आ.व: २०७९।८०    बैठक सङ्ख्या:१५    मिति २०८० जेष्ठ १०

प्रस्ताव न. १ : विगत बैठकको समिक्षा तथा प्राप्त परिपत्रहरुको जानकारी सम्बन्धमा ।

प्रस्ताव न. २ : विधेयक पारित तथा अनुमोदन सम्बन्धमा ।

प्रस्ताव न. ३ : विषयगत शाखाहरुको कार्य प्रगति समिक्षा सम्बन्धमा ।

प्रस्ताव न. ४ : IEE गर्ने सम्बन्धमा ।

प्रस्ताव न. ५ : आर्थिक सहायता सम्बन्धमा ।

प्रस्ताव न. ६ : प्रशासनिक भवनका लागि माटो परीक्षण, IEE, DPR र जग्गा नापजाँच गर्ने सम्बन्धमा ।

प्रस्ताव न. ७ : योजना संशोधन सम्बन्धमा ।

प्रस्ताव न. ८ : बजेट तर्जुमा सम्बन्धमा ।

प्रस्ताव न. ९ : समितिका निर्णयहरु अनुमोदन सम्बन्धमा ।

प्रस्ताव न. १०: सडक मर्मत सम्भारकर्ता छनौट सम्बन्धमा ।

प्रस्ताव न. ११: म्याद थप सम्बन्धमा ।

प्रमाणित
२०८०।२।१

निर्णय न.१: प्रस्ताव न. १ माथि छलफल गर्दा मिति २०८० बैशाख १९ गते बसेको १४ औं कार्यपलिका बैठकको समिक्षा गरियो। साथै विभिन्न निकायहरुबाट प्राप्त भएका तपशिल बमोजिमका परिपत्रहरुको जानकारी प्राप्त भयो।

निर्णय न. २: प्रस्ताव न. २ माथि छलफल गर्दा विधेयक समितिबाट पेश हुन आएका देहाय बमोजिम कानूनहरु पारित गर्ने निर्णय गरियो,

क. सार्वजनिक निजी गैर-सरकारी, साझेदारी ऐन पारित गरी आगामी गाउँ सभामा अनुमोदनको लागि पेश गर्ने,
ख. भुम्लु गाउँपालिकाको कार्य सञ्चालन निर्देशिका, २०८० पारित गर्ने,
ग. भूमि बैंक सम्बन्धि कार्यविधि, २०८० पारित गर्ने,
घ. मुहान दर्ता सम्बन्धि कार्यविधि, २०८० पारित गर्ने,

निर्णय न. ३: प्रस्ताव न. ३ माथि छलफल गर्दा आ.व. ०७९/८० को विषयगत तथा शाखागत कार्य प्रगति समिक्षा गरी पृष्ठपोषण गरियो ।

निर्णय न. ४: प्रस्ताव न. ४ माथि छलफल गर्दा सुनकोशी र इन्द्रावती नदी वगरको आ.व. ०८०/८१ को लागि गिट्टी, ढुङ्गा, बालुवाको बोलपत्र आव्हान गरी आन्तरिक श्रोत संकलन गर्ने प्रयोजनको लागि नदी-किनारका पशुपति र आँपघाट वगरहरुको IEE गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन गर्ने ।

निर्णय न. ५: प्रस्ताव न. ५ माथि छलफल गर्दा भुम्लु गाउँपालिका भित्र बसोबास गर्ने वडा कार्यालयको सिफारिसका आधारमा आर्थिक रुपले विपन्न देखिएका तपशिल बमोजिमका नागरिकहरुलाई देहाय बमोजिमको आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

**आर्थिक सहायता प्राप्त गर्नेको नामावली**

| क.स. | नाम र थर | ठेगाना | आर्थिक सहायता गर्नुपर्ने कारण | आर्थिक सहायताको गर्ने रकम |
|---|---|---|---|---|
| १ | संगम माझी | भुम्लु-७ | कलेजोको बिरामी भई धुलिखेल अस्पतालमा उपचारार्थ रहेको तथा निजको आर्थिक अवस्था साह्रै कमजोर भएकोले | रु.२०,०००/- |
| २ | मिना गिरी | भुम्लु-७ | निजहरुको पारिवारिक आर्थिक अवस्था कमजोर भएको तथा निज मिना गिरी तथा नाबालक बच्चाको पुन: चेक जाँच गर्नु पर्ने भएकोले | रु.२०,०००/- |
| ३ | राजन पराजुली | भुम्लु-९ | ट्र्याक्टर चलाउने क्रममा दुर्घटना भएर उपचार गराइरहेको र निजको अवस्था सिकिस्त भएको र निजको आर्थिक अवस्था निकै कमजोर भएकोले उपचारको लागि समेत खर्च जुटाउन समेत नसक्ने अवस्था भएकोले | रु.२०,०००/- |
| ४ | सागर तामाङ | भुम्लु-८ | दुर्घटनामा परी टाउको, हात खुट्टामा गम्भिर चोट लागि राष्ट्रिय ट्रमा सेन्टर काठमाण्डौमा उपचार भैरहेकोले उपचारको लागि अझै खर्च लाग्ने भएको र निजको पारिवारिक अवस्था साह्रै कमजोर भएकोले अनुमोदनको लागि कार्यपालिकामा पेश गरेको | रु.५०,०००/- |

प्रमाणित
२०८०।२।१७

| | | | | |
|---|---|---|---|---|
| ५ | सूर्य बहादुर गोले (लामा) | भुम्लु-५ | लामो समय देखि विभिन्न रोगबाट ग्रसित भई उपचार गराइ रहेको र मेरो घर परिवारको आर्थिक अवस्था पनि कमजोर भएकोले | रु.२०,०००/- |
| ६ | विर बहादुर तामाङ | भुम्लु-५ | शारिरीक अस्वस्थताको कारणले विर अस्पतालमा उपचार गर्दै आएको र निजलाई विभिन्न खालका रोगहरु ब्रेन ट्यूमर, मुत्र नलीमा क्यान्सर र शरीरको दाँया भाग नचल्ने समस्याले उपचारर्थ रहेको र अति विपन्न घरपरिवार भएको र आर्थिक अवस्था कमजोर भएकोले | रु.२५,०००/- |
| ७ | दोलालघाट प्रहरी चौकी सवारीसाधन मर्मत | भुम्लु-१० | अत्यावश्यक सेवाको लागि आवश्यक भएकोले | रु.१५,०००/- |

निर्णय न. ६ : प्रस्ताव न. ६ माथि छलफल गर्दा यस गाउँपालिकाको प्रशासनिक भवनको जग्गा प्रासिका लागि वडा नं. ५ को भवन आसपास रहेको सरकारी तथा सामुदायिक वनको जग्गा उपयोग गर्न माटो परीक्षण गर्ने, IEE, DPR गर्ने र कम्तीमा उक्त क्षेत्रको २० रोपनी जग्गा नापजाँच गर्न नापी कार्यालय काभ्रेलाई पत्राचार गर्ने निर्णय गरियो ।

निर्णय न. ७ : प्रस्ताव न. ७ माथि छलफल गर्दा तपशिल बमोजिमका योजनाहरु संशोधन गर्ने निर्णय गरियो ।

तपशिल

- वडा न. १० मा रहेको पिपलडाँडा बुद्धमूर्ति रंगरोगनका लागि तीन लाख एक घर एक धारा वडा नं. ५ पूँजीगत शीर्षकबाट थप बजेट व्यवस्था गर्ने निर्णय गरियो ।
- आ.व. २०७९/०८० को बजेटमा ५० प्रतिशत लागत सहभागितामा माछा पालन पोखरी निर्माण कार्यक्रममा विनियोजन भएको रु.५,००,०००/- बाट वडा बाट सिफारिस भए बमोजिम निम्न बमोजिम कार्यक्रमहरु गर्ने निर्णय गरियो।
  - भूमेस्थान कृषि तथा पशुपंक्षि फर्म भुम्लु-५, सल्ले लाई रु.१,००,०००/-
  - प्रविन कृषि तथा पशुपंक्षि फर्म भुम्लु-२ लाई रु.१,००,०००/-
  - सुनकोशी कृषि फर्म भुम्लु-७ लाई रु.१,००,०००/-
  - सुनकोशी कृषि फर्म भुम्लु-८ लाई रु.१,००,०००/-
  - माछा पोखरी मर्मत भुम्लु-९ लाई रु.१,००,०००/-

निर्णय न: ८ : प्रस्ताव न. ८ माथि छलफल गर्दा आ.व. ०८०/८१ को बजेट तर्जुमाको लागि देहाय बमोजिम गर्ने:

क) स्रोत अनुमान तथा बजेट निर्धारण समिति, राजश्व परामर्श समितिको बैठक बसी सोको प्रतिवेदन आगामि कार्यपालिकाको बैठकमा पेश गर्ने ।

ख) बस्तीस्तरको योजना देहायका प्राथमिकताक्रम अनुसार आमभेला गराई निर्णय साथ जेष्ठ २५ गते भित्र योजना तथा कार्यक्रम गाउँपालिकामा पेश गर्ने ।

१. उत्पादन तथा रोजगारी सिर्जना गर्ने योजना तथा कार्यक्रम
२. समावेशी तथा लक्षित वर्ग समेटने योजना तथा कार्यक्रम
३. शिक्षा, स्वास्थ्य, कृषि,/खानेपानी, पर्यटन, सडक तथा पूर्वाधार सम्बन्धि योजना तथा कार्यक्रम
४. वडामा अत्यधिक माग भएका योजना

भुम्लु गाउँकार्यपालिका वैठक आ.वः २०७९।८० वैठक सङ्ख्याः१५ मिति २०८० जेष्ठ १०

निर्णय न. ९ : प्रस्ताव न. ९ माथि छलफल गर्दा शिक्षा समिति, आर्थिक विकास समिति, विपद् व्यवस्थापन समिति, पदपूर्ति समिति, मल व्यवस्थापन तथा आपूर्ति समिति तथा अन्य समितिहरुबाट सम्पादन भएका निर्णयहरु अनुमोदन गरियो ।

निर्णय न. १० : प्रस्ताव न. १० माथि छलफल गर्दा दोलालघाट सल्ले सडक मर्मत गर्नका लागि पूर्वाधार विकास कार्यालयबाट पाँच जना जनशक्ति छनौट गरि पठाई दिनु भन्ने पत्र प्राप्त भएकाले यस अघि काम गरेका सडक मर्मतकर्ताहरुलाई प्राथमिकता दिने गरी छनौटका लागि सार्वजनिक सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

निर्णय न. ११ : प्रस्ताव न. ११ माथि छलफल गर्दा भुम्लु गाउँपालिका भित्र संचालनमा रहेका तपसिल बमोजिमको योजनाहरुको म्याद थप गर्ने निर्णय गरियो ।

| क्र.सं. | योजनाको नाम | निर्माण व्यवसायीको नाम | म्याद थप गरिएको अवधि |
|---|---|---|---|
| १ | वडा नं. ७ को प्रशासनिक भवन निर्माण | शुभ लक्ष्मी ड्रागन निर्माण सेवा | २०८० असोज मसान्त |
| २ | पचास किलो रामपुर चण्डेनी सडक, भुम्लु-९ | शुभ लक्ष्मी ड्रागन निर्माण सेवा | २०८० असार १५ गते |
| ३ | दश शैया अस्पताल निर्माण, भुम्लु-८ | खानी निर्माण सेवा | २०८१ असोज मसान्त |

प्रमाणित
२०८०।२।१०
विष्णु प्रसाद त्रिवेदी
प्रमुख प्रशासकीय अधिकृत

विष्णु